# सातौं आवधिक योजना २०४२/०४३ - २०४६/०४७ मा हुलाक

## परिच्छेद १

## छैठौं योजनाको समीक्षा

बचत संकलन गर्न नयाँ संस्थागत व्यवस्थाको रुपमा हुलाक बचत बैंङ्क सेवा पाँचौं योजनाकालमा प्रारम्भ गरिएको थियो। यो सेवा अन्तर्गत न्यूनतम रु.५/- बाट बचत खाता खोल्न दिइन्छ र बढीमा रु.३०,०००/- सम्मको रकम जम्मा गर्न सकिन्छ। २०३६/३७ सम्ममा २५ जिल्ला हलाकहरुबाट यो सेवा उपलब्ध गराइएको थियो। २०४०/४१ मा यस्तो सेवा उपलब्ध गराउने हुलाकहरुको संख्या ७५ पुगेको छ।

सञ्चारतर्फ छैठौं योजना अवधिमा ४८० वटा थप हुलाकहरु स्थापना गर्ने लक्ष्य राखिएकोमा पहिलो चार वर्षमा जम्मा ४०१ वटा थप हुलाकहरु स्थापना हुन सक्यो। योजनाको अन्तिम वर्षमा स्थापना गरिने थप ७० वटा हुलाकहरु समेतलाई समावेश गर्दा छैठौं योजनाको अवधि भरमा ४७१ वटा हुलाक अड्डाहरुको स्थापना भई लक्ष्यको ९८.१ प्रतिशत प्रगति हासिल गर्न सकिने देखिन्छ।

**छैठौं योजना अवधि (२०३७ – ४२) मा भएको आर्थिक प्रगतिको केही प्रमुख सूचकहरु**

| विषय | इकाइ | स्थिति | | | प्रगति (प्रतिशतमा) | |
|---|---|---|---|---|---|---|
| | | २०३६/३७ | २०४०/४१ | २०४१/४२ (अनुमान) | २०३७ – ४१ (पहिलो ४ वर्ष) | २०३७ – ४२ (अनुमान) (५ वर्ष) |
| ८. हुलाक अड्डा | संख्या | १३५८ | १८२१ | १८९१ | ३०.३ | ३५.४ |

## परिच्छेद ३

## आर्थिक विकास दर र आर्थिक लक्ष्यहरु

हुलाक अड्डाहरुको संख्यामा ३४ प्रतिशतले बढाई २५४० पुऱ्याउने लक्ष्य छ।

### तालिका नं. ४

### सातौं योजना (२०४२ - ४७) को केही प्रमुख भौतिक लक्ष्यहरु

| क्षेत्र | इकाई | छैठौं योजनाको अन्तिम वर्ष २०४१/४२ को अनुमनित | सातौं योजना २०४२ – ४७ को लक्ष्य | सातौं योजनाको अन्तिम वर्ष २०४६/४७ मा हुने स्थिति |
|---|---|---|---|---|
| १४. हुलाक अड्डा | संख्या | १८९१ | ६४९ | २५४० |

## परिच्छेद १७
## क्षेत्रीय विकास नीति

### क्षेत्रीय असन्तुलनको स्थितिः

गत केही योजनाहरुमा भएका प्रयासहरुबाट शिक्षा, स्वास्थ्य, हुलाक सेवा तथा खानेपानी जस्ता सामाजिक सेवाहरुका धेरै मात्रामा क्षेत्रीय असन्तुलत हट्न गएको छ।

## परिच्छेद २९
## हवाई यातायात

विमानस्थलहरुको वर्गिकरणः

**तालिका नं. ५**

**अधिराज्यका विमानस्थलहरुको वर्गिकरण तथा उपलब्ध गरिने न्यूनतम सुविधाहरु**

| वर्ग | विमानस्थलको नाम | न्यूनतम सुविधाहरु |
|---|---|---|
| क | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, काठमाडौं | ९. हैंगर कार्गो स्टोर्स, भन्सार, हुलाकको व्यवस्था। |

## परिच्छेद ३१
## हुलाक सेवा

सञ्चार सेवाका माध्यमहरूमा हुलाक सेवाले महत्वपूर्ण स्थान लिएको तथ्य नेपालको विकासमा यस बाट पुग्न गएको योगदानबाट स्पष्ट हुन्छ। हुलाक सेवाको प्रारम्भिक कालमा हुलाकहरूबाट साधारणतया चिठ्ठीपत्रहरुको आदान-प्रदान गर्ने कार्य मात्र हुने गरेकोमा आज यिनीहरूबाट धनादेश, बचत बैंक जस्ता आर्थिक सेवाहरू समेत प्रदान गर्ने गरेको छ। हुलाकहरूबाट प्रदान गर्ने गरेको यस किसिमका आर्थिक सेवाहरूबाट आर्थिक सामाजिक व्यापारिक क्षेत्रको विकासमा टेवा पुग्न गएको छ।

नेपालमा हुलाक सेवाको सुरुवात सम्वत् १९३५ सालदेखि भएको देखिन्छ। हुलाक सेवा प्रारम्भ भएको ३ वर्ष पछि अर्थात सम्वत् १९३८ सालमा अधिराज्यभर हुलाक कार्यालयको सङ्ख्या केवल ४३ वटा मात्र पुगेको थियो। हुलाक सेवाको विकास र विस्तार कार्य वास्तवमा २०१३ सालमा योजनावद्ध विकास नति अपनाए पछि मात्र द्रुततर गतिमा हुन थालेको देखिन्छ। प्रथम योजना शुरु हुन अघि आ.व. २०१२/१३ मा हुलाक कार्यालयको सङ्ख्या केवल १२४ वटा रहेको थियो। हुलाक सेवालाई विस्तार गर्दै लग्ने नीति अनुरूप संचालित हुलाक स्थापना कार्यक्रमको

फलस्वरुप चौथो योजना प्रारम्भ हुनु अघि हुलाकहरू को सङ्ख्या ७०६ वटा पुगेको थियो। त्यस्तै पाचौं योजना प्रारम्भ हुनु अघिको वर्षमा १,००७ वटा हुलाकहरू भएकोमा योजनाको अन्तिम २०३६/३७ मा यी सङ्ख्यामा अझ वृद्धि भै १,३५८ वटा पुगेको थियो। छैठौं योजनाको चौथो वर्ष २०४०/४१ को अन्तमा अधिराज्यभर विभिन्न हुलाकह १,८२१ वटा पुगेको थियो। हुलाकहरूको सङ्ख्यामा भएको क्रमिक वृद्धि संलग्न तालिका नं. १ मा प्रस्तुत गरिएको छ।

## तालिका नं. १

## अधिराज्यमा हुलाक कार्यालयको आर्थिक वर्ष अनुसारको स्थिति २०१२ – ०४१

| हुलाक कार्यालय | प्रथम योजना शुरु हुनु अघि | तेश्रो योजनाको अन्तिम वर्ष | चौथो योजनाको अन्तिम वर्ष | पाचौं योजनाको अन्तिम वर्ष | छैठौं योजनाको चौथो वर्ष | अन्तिम वर्ष ०४१/४२ को अनुमान स्थिति |
|---|---|---|---|---|---|---|
| १. गोश्वारा हुलाक | १ | १ | १ | १ | १ | १ |
| २. जिल्ला हुलाक | - | १४ | ७४ | ७४ | ७४ | ७४ |
| ३. छोटी हुलाक | - | ९० | २५४ | २८६ | ३६७ | ३९७ |
| ४. अतिरिक्त हुलाक | १२३ | १५३ | ६७८ | ९९७ | १,३७९ | १,४१९ |
| ५. अन्य | - | ४४८ | - | - | - | - |
| कुल | १२४ | ७०६ | १,००७ | १,३५८ | १,८२१ | १,८९१ |

**नोटः हुलाकको किसिम नखुलेको**

हुलाक सेवाको विकास र विस्तारमा प्रादेशिक सन्तुलन गर्ने नीति अपनाइए अनुसार हुलाकहरूको स्थिति पाचौं योजनाको अन्तिम वर्ष २०३६/३७ मा र आ.व. ०४०/४१ मा निम्न अनुसार रहेको देखिन्छ।

तालिका नं. २

**विकास क्षेत्र अनुसार सेवाको स्थिति २०४०/४१**

| विषय | जिल्ला हुलाक | | छोटी हुलाक | | अतिरिक्त | | धनादेश सेवा | | बचत बैंङ्क | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ०३६/३७ | ०४०/४१ | ०३६/३७ | ०४०/४१ | ०३६/३७ | ०४०/४१ | ०३६/३७ | ०४०/४१ | ०३६/३७ | ०४०/४१ |
| क. पूर्वाञ्चल | १६ | १६ | ७४ | ९० | २४१ | ३१८ | १४ | ३५ | ६ | १६ |
| ख. मध्यमाञ्चल | १९ | १९ | ८७ | १०६ | २९३ | ३९३ | १४ | ४२ | ६ | १९ |
| ग. पश्चिमाञ्चल | १६ | १६ | ७१ | ८६ | २२३ | ३०५ | १६ | ३३ | ६ | १६ |
| घ. मध्य पश्चिमाञ्चल | १५ | १५ | ३१ | ४५ | १०९ | १९८ | १९ | ३२ | ७ | १५ |
| ङ. सुदुर पश्चिमाञ्चल | ९ | ९ | २४ | ४० | १३१ | १६५ | - | २७ | - | ९ |
| कुल | ७५ | ७५ | २८६ | ३६७ | ९९७ | १३६७ | ६३ | १६९ | २५ | ७५ |

**नोटः सुदुर पश्चिमाञ्चल पनि समावेश भएको।**

नेपाल अधिराज्यका विभिन्न जिल्लाहरुमा पनि हुलाकको स्थितिमा सुधार हुँदै आइरहेको छ। छैठौं योजनाको चौथो वर्ष ०४०/४१ मा जिल्ला अनुसारको हुलाक स्थिति निम्न तालिका नं. ३ मा प्रस्तुत गरिएको छ।

## तालिका नं. ३

## जिल्ला अनुसारको हुलाकहरुको स्थिति ०४०/४१

| अञ्चल जिल्ला | जिल्ला हुलाक | छोटी हुलाक | अतिरिक्त हुलाक | जम्मा हुलाक सङ्ख्या (२+३+४) | धनादेश | बचत बैङ्क |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १. मेची अञ्चल | ४ | २८ | ८८ | १२० | ९ | ४ |
| १.१ झापा | १ | १० | २२ | ३३ | ४ | १ |
| १.२ इलाम | १ | ७ | २२ | ३० | २ | १ |
| १.३ पाँचथर | १ | ७ | २२ | ३१ | १ | १ |
| १.४ ताप्लेजुङ्ग | १ | ४ | २१ | २६ | २ | १ |
| २ कोशी अञ्चल | ६ | ३७ | १२६ | १६९ | १३ | ६ |
| २.१ मोरङ्ग | १ | ८ | २१ | ३० | ३ | १ |
| २.२ भोजपुर | १ | ६ | २४ | ३१ | २ | १ |
| २.३ सुनसरी | १ | ८ | २१ | ३० | २ | १ |
| २.४ धनकुटा | १ | ८ | १८ | २७ | २ | १ |
| २.५ संखुवासभा | १ | ४ | १९ | २४ | ३ | १ |
| २.६ तेह्रथुम | १ | ३ | २३ | २७ | १ | १ |
| ३ सगरमाथा अञ्चल | ६ | २५ | १०४ | १३५ | १३ | ६ |
| ३.१ सोलुखुम्बु | १ | ३ | १६ | २० | १ | १ |
| ३.२ ओखलढुङ्गा | १ | ३ | १७ | २१ | २ | १ |
| ३.३ खोटाङ्ग | १ | ४ | २३ | २८ | २ | १ |
| ३.४ उदयपुर | १ | ४ | १३ | १८ | २ | १ |
| ३.५ सप्तरी | १ | ९ | १९ | ३६ | ३ | १ |
| ३.६ सिराहा | १ | ५ | १६ | २२ | ३ | १ |
| ४ जनकपुर अञ्चल | ६ | ३४ | १२६ | १६६ | १४ | ६ |
| ४.१ रामेछाप | १ | ४ | १८ | २३ | १ | १ |
| ४.२ दोलखा | १ | ६ | २१ | २८ | २ | १ |
| ४.३ धनुषा | १ | ६ | २० | २७ | ४ | ४ |
| ४.४ महोत्तरी | १ | ६ | १७ | २४ | ३ | १ |
| ४.५ सर्लाही | १ | ६ | २४ | ३१ | २ | १ |
| ४.६ सिन्धुली | १ | ६ | २६ | ३३ | २ | १ |
| ५ बागमती अञ्चल | ८ | ४९ | १५८ | २१५ | १५ | ८ |
| ५.१ काठमाडौं | १ | १५ | २४ | ४० | २ | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५.२ ललितपुर | १ | ६ | १७ | २४ | १ | १ |
| ५.३ भक्तपुर | १ | १ | १२ | १४ | १ | १ |
| ५.४ नुवाकोट | १ | ६ | २३ | ३० | १ | १ |
| ५.५ सिन्धुपाल्चोक | १ | ७ | २५ | ३३ | १ | १ |
| ५.६ काभ्रेपलाञ्चोक | १ | ७ | २४ | ३२ | २ | १ |
| ५.७ रसुवा | १ | २ | १३ | १६ | २ | १ |
| ५.८ धादिङ्ग | १ | ५ | २० | २६ | ३ | १ |
| ६ नारायणी अञ्चल | ५ | २३ | १०९ | १३० | १३ | १ |
| ६.१ मकवानपुर | १ | ५ | २७ | ३३ | ३ | १ |
| ६.२ बारा | १ | ४ | १९ | २४ | २ | १ |
| ६.३ रौतहट | १ | ३ | २१ | २८ | २ | १ |
| ६.४ पर्सा | १ | ३ | २० | २४ | २ | १ |
| ६.५ चितवन | १ | ८ | २२ | ३१ | ४ | १ |
| ७ गण्डकी अञ्चल | ६ | २८ | १२४ | १५८ | ११ | ६ |
| ७.१ गोरखा | १ | ८ | १९ | २८ | २ | १ |
| ७.२ तनहुँ | १ | ७ | २३ | ३१ | ३ | १ |
| ७.३ कास्की | १ | ४ | ३० | ३५ | ३ | १ |
| ७.४ स्याङ्ग्जा | १ | ३ | २५ | २९ | १ | १ |
| ७.५ मनाङ्ग | १ | १ | ८ | १० | १ | १ |
| ७.६ लमजुङ्ग | १ | ५ | १९ | २५ | १ | १ |
| ८ लुम्बिनी अञ्चल | ६ | ३९ | १०७ | १५२ | १४ | ६ |
| ८.१ पाल्पा | १ | ६ | १९ | २६ | १ | १ |
| ८.२ रुपन्देही | १ | ५ | १८ | २४ | २ | १ |
| ८.३ गुल्मी | १ | १० | ३० | ३१ | ४ | १ |
| ८.४ अर्घाखाँची | १ | ६ | १४ | २१ | २ | १ |
| ८.५ कपिलवस्तु | १ | ६ | १५ | २२ | ४ | १ |
| ८.६ नवलपरासी | १ | ६ | २१ | २८ | २ | १ |
| ९ धौलगिरी अञ्चल | ४ | १९ | ७४ | ९७ | ८ | ४ |
| ९.१ बाग्लुङ्ग | १ | ६ | २७ | ३४ | २ | १ |
| ९.२ म्याग्दी | १ | ५ | १९ | २५ | २ | १ |
| ९.३ पर्वत | १ | ४ | १९ | २४ | २ | १ |
| ९.४ मुस्ताङ्ग | १ | ४ | ९ | १४ | २ | १ |
| १० राप्ती अञ्चल | ५ | १८ | ८२ | १०५ | १४ | ५ |
| १०.१ दाङ्ग | १ | ७ | १९ | २७ | ५ | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०.२ सल्यान | १ | २ | १६ | १९ | १ | १ |
| १०.३ प्यूठान | १ | २ | १७ | २० | २ | १ |
| १०.४ रुकुम | १ | ३ | १६ | २० | ३ | १ |
| १०.५ रोल्पा | १ | ४ | १४ | १९ | ३ | १ |
| ११ कर्णाली अञ्चल | ५ | १२ | ५० | ६७ | ८ | ५ |
| ११.१ हुम्ला | १ | २ | ९ | १२ | १ | १ |
| ११.२ जुम्ला | १ | २ | ११ | १४ | १ | १ |
| ११.३ मुगु | १ | ३ | १० | १४ | २ | १ |
| ११.४ कालिकोट | १ | ३ | १२ | १६ | ३ | १ |
| ११.५ डोल्पा | १ | २ | ८ | ११ | १ | १ |
| १२ भेरी अञ्चल | ५ | २५ | ६६ | ८६ | १० | ५ |
| १२.१ बाँके | १ | ४ | १२ | १७ | १ | १ |
| १२.२ बर्दिया | १ | २ | १४ | १७ | २ | १ |
| १२.३ सुर्खेत | १ | ४ | १४ | १९ | २ | १ |
| १२.४ दैलेख | १ | ३ | १४ | १८ | ३ | १ |
| १२.५ जाजरकोट | १ | २ | १२ | १५ | २ | १ |
| १३ सेती अञ्चल | ५ | २२ | ६९ | ९६ | १५ | ५ |
| १३.१ बझाङ्ग | १ | ५ | १२ | १८ | ३ | १ |
| १३.२ बाजुरा | १ | ३ | ७ | ११ | २ | १ |
| १३.३ अछाम | १ | ४ | १५ | २० | ३ | १ |
| १३.४ डोटी | १ | ५ | १८ | २४ | ३ | १ |
| १३.५ कैलाली | १ | ५ | १७ | २३ | ४ | १ |
| १४ महाकाली अञ्चल | ४ | १८ | ९६ | ११८ | १२ | ४ |
| १४.१ दार्चुला | १ | ५ | २६ | ३२ | ३ | १ |
| १४.२ बैतडी | १ | ६ | २७ | ३४ | ४ | १ |
| १४.३ डडेल्धुरा | १ | ३ | ३१ | ३५ | २ | १ |
| १४.४ कञ्चनपुर | १ | ४ | १२ | १७ | ३ | १ |

**नोटः स्रोतः हुलाक सेवा विभाग**

हुलाक सेवा बढी से बढी जनतालाई उपलब्ध गराउन हुलाकहरूको सङ्ख्यात्मक वृद्धिमा विगत योजनाकालदेखि नै ध्यान दिँदै आएको हो। यसबाट हुलाक र जनसङ्ख्या बीचको योजनाकालदेखि नै ध्यान दिँदै आएको हो। यसबाट हुलाक र जनसङ्ख्या बीचको अनुपातमा निकै नै सुधार हुँदै आइरहेको देखिन्छ। योजनावद्ध विकास प्रक्रिया प्रारम्भ हुनु अघिको वर्ष निकै नै सुधार हुँदै आइरहेको देखिन्छ। योजनावद्ध विकास प्रक्रिया प्रारम्भ हुनु अघिको वर्ष ०१२/१३ मा

१ वटा हुलाकले सरदर ६८,५४८ जनसङ्ख्यालाई सेवा पुर्‍याइएकोमा तेश्रो योजनाको अन्तिम वर्ष ०२६/२७ मा आएर १ वटा हुलाकले १५,६४३ जनसङ्ख्यालाई सेवा उपलब्ध गरेको थियो। यो अनुपात दरमा अझै सुधार भै चौथो योजनाको अन्तिम वर्ष आ.व. ०३१/३२ मा १ हुलाकले सरदर १२,४१७ जनसङ्ख्यालाई सेवा पुर्‍याइयो। पाचौं योजनाको अन्तिम वर्ष ०३६/३७ मा १ हुलाकबाट सरदर ९,२३८ जनसङ्ख्यालाई सेवा पुर्‍याउन सकेको देखिन्छ। क्षेत्रफल ढाकेको हिसबबाट आ.व. ०३६/३७ मा हुलाकले १०.२७१ वर्ग किलोमिटर भू-भागमा बसोबास गरेको जनतालाई सेवा पुर्‍याएको थियो भने आ.व. ०४०/४१ मा १ हुलाकले सरदर ८०.८२ वर्ग किलोमिटरमा बसोवास गरेको जनसङ्ख्यालाई सेवा उपलब्ध गर्न सकेको देखिन्छ।

## छैठौं योजनाको प्रगति समीक्षाः

हुलाक सेवाको विकास र विस्तारको लागि छैठौं योजनाले (१) हुलाक स्थापना (२) डाँक परिवहन विकास तथा सुधार (३) आर्थिक सेवा (४) हुलाक भवन निर्माण तथा विस्तार र (५) विविध कार्यक्रमहरू अन्तर्गत विभिन्न आयोजनाहरु समावेश गरी कार्यान्वयन गरेको थियो। योजनाको प्रथम चार वर्षको अवधिमा उल्लेखित कार्यक्रमको कार्य प्रगतिलाई दृष्टिगत गर्दा योजनाको निर्धाति भौतिक लक्ष्यहरू हाँसिल हुने देखिन्छ। छैठौं योजनाको प्रथम चार वर्षको अवधिमा विभिन्न कार्यक्रमहरू अन्तर्गत हाँसिल भएको प्रगति निम्न अनुसार रहेको छ।

हुलाक स्थापनातर्फ छोटी हुलाक ८० वटा र अतिरिक्त हुलाक ४०० वटा गरी जम्मा ४८० वटा हुलाकहरू स्थापना गर्ने लक्ष्य रहेकोमा विगत चार वर्षको अवधिमा ८१ वटा हुलाक र ३२० वटा अतिरिक्त हुलाक गरी जम्मा ४०१ वटा हुलाकहरू को स्थापना कार्य पूरा भैसकेको छ। छैठौं योजनाको अन्तिम वर्ष ०४१/४२ मा छोटी हुलाक ३० वटा र अतिरिक्त हुलाक ४० वटा समेत गरी ७० वटा हुलाकहरू स्थापना गर्ने लक्ष्यलाई दृष्टिगत गर्दा योजनाको पाँच वर्षको अवधिमा ४७१ वटा अर्थात् लक्ष्यको ९८ प्रतिशत हुलाकहरू स्थापना हुने देखिन्छ। त्यस्तै डाँक परिवहन विकास तथा सुधार कार्यक्रम मार्फत अधिराज्यको विभिन्न भागमा डाँक रेखा ३० वटा स्थापना गर्ने लक्ष्य राखेकोमा प्रथम चार वर्षको अवधिमा २४ वटा स्थापना कार्य पूरा भैसकेको र अन्तिम वर्ष ०४१/४२ मा ६ वटा थप रेखाहरू स्थापना गर्ने लक्ष्य समेतलाई विचार गर्दा यो लक्ष्य पूरापूर हासिल हुने देखिन्छ। हुलाक वस्तुहरू ढुवानीमा टेवा पुर्‍याउन ६ वटा डाँक गाडी, डाँक स्कुटर भ्यान ११ वटा र हुलाकीहरू को लागि ५०० वटा साइकल खरीद गर्ने लक्ष्य रहेकोमा चार वर्षको अवधिमा डाँक गाडी ४ वटा, स्कुटर भ्यान ४ वटा र साइकल ६५० वटाको खरीद कार्य पूरा गरियो। अन्तिम वर्ष ०४१/४२ मा थप १०० वटा साइकल खरीद गर्ने लक्ष्य रहेको छ।

हुलाक भवनहरू को निर्माण तथा विस्तार कार्यक्रम अन्तर्गत छैठौं योजनाले नै ११२ वटा भवनहरूको निर्माण कार्य पूरा गर्ने लक्ष्य राखेकोमा प्रथम चार वर्षको अवधिमा ८५ वटा (७५.८९ प्रतिशत) भवनहरुको निर्माण कार्य पूरा भएको थियो। पाचौं वर्षमा २३ वटा निर्माण गर्ने लक्ष्य समेत समावेश गर्दा यस योजना अवधिमा कूल १०८ वटाको निर्माण हुने देखिएकोले प्रगति लक्ष्यको तुलनामा ९६.४३ प्रतिशत हुने देखिन्छ। छैठौं योजनाको पहिलो चार वर्षको अवधिमा नयाँ हुलाक भवन ११ वटा, हुलाक भवन विस्तार १०वटा, अनुदान भवन ४५ वटा र पाँच योजनाकालमा निर्माण प्रारम्भ भै अधुरो रहेका मध्ये १९ वटाको निर्माण सम्पन्न भएको देखिन्छ।

आर्थिक सेवा कार्यक्रम तर्फ छैठौं योजनाले धनादेश सेवा १०० हुलाकहरुबाट प्रदान गर्ने, बचत बैङ्क सेवा ५० वटा हुलाकहरू बाट प्रदान गर्ने मूल्य देय सेवा १४ वटा हुलाकहरूबाट प्रदान गर्ने लक्ष्य रहेकोमा विगत चार वर्षको अवधिमा धनादेश सेवा १०९ वटा हुलाकहरुबाट र बचत बैङ्क सेवा ५० वटा हुलाकहरू बाट प्रदान गर्ने लक्ष्य रहेको हुँदा यस आयोजनातर्फ हासिल हुने प्रगति निर्धारित लक्ष्य भन्दा बढी हुने देखिन्छ। तर मूल्य देय सेवा (क्यास अन डेलिभरि) कुनै पनि हुलाकबाट उपलब्ध नगरिएको हुँदा योजनाको लक्ष्यको दाँजोमा प्रगति शुन्य नै रहने देखिन्छ।

विविध कार्यक्रम अन्तर्गत रहेको हुलाक प्रशिक्षण केन्द्रबाट अवधिमा ६०० जवान हुलाक कर्मचारीहलाई प्रशिक्षण दिने लक्ष्य रहेकोमा प्रथम चार वर्षमा ४८० जवानलाई तालिम दिने कार्य सम्पन्न गरियो। अन्तिम वर्ष ०४१/४२ मा १२० जवानलाई तालिम दिने कार्यक्रम रहेको हुँदा योजनाको लक्ष्य पूरापूर हाँसिल हुने देखिन्छ। गोश्वारा हुलाक सुदृढिकरण तर्फका लक्ष्यहरु र हुलाक सुदृढिकरण आयोजना अन्तर्गत २५०० पोष्ट बक्स थप गर्ने तथा १५०० पत्र-मञ्जुषाहरू वृद्धि गर्ने लक्ष्य अनुसारको उपलब्धि हाँसिल हुने देखिन्छ। तर केन्द्रीय टिकट भण्डारको स्थापना कार्य पूरा हुने देखिँदैन।

छैठौं योजनाको अन्तिम वर्ष ०४१/४२ मा हुने हुलाकहको कूल सङ्ख्या र जनसङ्ख्यालाई दृष्टिगत गरी १ हुलाकले सरदर ८,७११ जना जनसङ्ख्यालाई सेवा पुऱ्याउने लक्ष्य राखेकोमा १ हुलाकले सरदर ८,९६७ जनतालाई सेवा पुग्न जाने देखिन्छ। आ.व. ०४१/४२ को अन्तमा १,६०,०९,९८१ जनसङ्ख्या हुने अनुमान भएकोमा २०३८ को राष्ट्रिय जनगणना अनुसार वार्षिक वृद्धिदरमा हुन आएको वृद्धि दरले गर्दा १,६४,००,००० पुग्न जाने अनुमान छ। योजनाको चौथो वर्ष ०४०/४१ मा कूल १,८२१ वटा हुलाकहरू र यो वर्षको जनसङ्ख्या १,६२,५४,००० भएको हुँदा १ हुलाकले सरदर ८,९२६ जनतालाई सेवा पुऱ्याएको देखिन्छ। त्यस्तै १ हुलाकले सरदर ७९.३९ वर्ग किलोमिटर क्षेत्रमा बसोबास गेका जनतालाई सेवा पुऱ्याउने लक्ष्य रहेकोमा योजनाको अन्तिम वर्षमा १ हुलाकले सरदर ७७.८३ वर्ग किलोमिटरमा बसेका मानिसहरुलाई सेवा पुऱ्याउन सक्ने देखिन्छ। आ.व. ०४०/४१ को अन्तमा १ हुलाकले सरदर ८०.८२ वर्ग किलोमिटर क्षेत्रमा बसोबास गरेका जनतालाई सेवा उपलब्ध गरेको देखिन्छ।

हुलाक सेवा सम्बन्धी विभिन्न आयोजनामा हाँसिल गरेको प्रगति संलग्न तालिका नं. ४ मा प्रस्तुत गरिएको छ।

## तालिका नं. ४

### छैठौं योजना (२०३७ – ४२) को पहिलो चार वर्षमा मुख्य मुख्य हुलाक सेवा

| कार्यक्रम वर्ष | छैठौं योजनाको लक्ष्य | २०३७-३८ | २०३८-३९ | २०३९-४० | २०४०-४१ | चार वर्षको जम्मा | आ.व. २०४१/४२ को अनुमान | पाँच वर्षको अनुमानित प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| क. हुलाक स्थापना | ४८० | ९६ | ९६ | १०० | १०९ | ४०१ | ७० | ४७१ |
| १. छोटी हुलाक | ८० | १६ | १६ | २० | २९ | ८१ | ३० | १११ |
| २. अतिरिक्त हुलाक | ४०० | ८० | ८० | ८० | ८० | ३२० | ४० | ३६० |
| ख. डाँक परिवहन विकास तथा सुधार | | | | | | | | |
| १. डाँक रेखा स्थापना | ३० | ६ | ६ | ६ | ६ | २४ | ६ | ३० |
| ग. हुलाक भवन निर्माण तथा विस्तार | ११२ | ११ | १६ | २० | ४८ | ८५ | ३६ | १११ |
| १. नयाँ भवनः | ३१ | - | ४ | ६ | १ | ११ | १४ | २५ |
| २. भवन विस्तारः | १० | - | ४ | ४ | २ | २० | - | - |
| ३. अनुदान भवनः | ५० | - | - | १० | ३५ | ४५ | २० | ६५ |
| ४. चालु भवनः | २१ | ११ | ८ | - | - | १९ | २ | २१ |
| घ. आर्थिक सेवा | | | | | | | | |
| १. धनादेश सेवा | १०० | २० | २३ | २३ | ४३ | १०९ | २० | १२९ |
| २. बचत बैंङ्क सेवा | ५० | १० | १० | १० | २० | ५० | - | ५० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३. मूल्य देय सेवाः | १४ | - | - | - | - | - | - | - |
| ङ. <u>विविध</u> | | | | | | | | |
| १. प्रशिक्षण व्यवस्थाः | ६०० | १२० | १२० | १२० | १२० | ४८० | १२० | १५०० |
| २. पोष्ट बक्सः | २५०० | १० | १५ | १७ | १८ | ६० | १८० | १४० |
| ३. पत्र-मञ्जुषाः | १५०० | ४८ | ३०३ | ३२२ | ३०१ | ९७४ | - | ९७४ |
| ४. केन्द्रीय टिकटः | - | - | - | - | - | -- | - | - |
| ५. भण्डार पूरा गर्नेः | | - | - | - | - | - | - | पुरा भएको |

**स्रोतः हुलाक सेवा विभाग।**

### वित्तीय प्रगतिः

छैठौं योजनामा हुलाक सेवा विकास का लागि समावेश गरिएका विभिन्न कार्यक्रमहरूको कार्यान्वयनको लागि रू. ३ करोड लगानी गर्ने लक्ष्य रहेकोमा योजनाको पहिलो ४ वर्षको अन्त अर्थात् आ.व. ०४०/४१ सम्ममा प्रचलित बजार मूल्यमा रू. २ करोड २ लाख ६७ हजार खर्च भएको देखिन्छ। कार्यक्रम तथा आर्थिक वर्ष अनुसार भएको लगानीको विवरण निम्न तालिका नं. ५ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ५**

**हुलाक सेवा क्षेत्रमा हासिल भएको वित्तीय लगानीको उपलब्धि २०३७ – ४१ (प्रचलित बजार मूल्यमा)**

| आयोजनाको नाम | छैठौं योजनाको लक्ष्य | प्रथम वर्षको खर्चको अनुमान (स्थिर मूल्यमा) | आ.व. २०४१/४२ अनुमान | पाँच वर्षको जम्मा खर्च (प्रचलित बजार मूल्य) |
|---|---|---|---|---|
| क. हुलाक स्थापना | ४४,०० | २६,२६ | ६०६ | ३२,३२ |
| १. छोटी हुलाकः | (१९,००) | (११,११) | (३७३) | (१४,८४) |
| २. अतिरिक्त हुलाकः | (२५,००) | (१५,१५) | (२३३) | (१७,४८) |
| ख. डाँक परिवहन विकास तथा सुधार | २४,८० | १५,१९ | १०७ | १६,२६ |
| ग. हुलाक भवन निर्माण तथा विस्तार | १,४२,०० | ८३,६५ | ३९,०० | १,२२,६५ |
| घ. आर्थिक सेवा | १७,८६ | १४,५३ | २,०० | १६,५६ |
| ङ. विविध | ७१,३४ | ६३,०४ | १४,७७ | ७७,८१ |
| कुलः | ३,००,०० | २,०२,६७ | ६२,९० | २,६५,५७ |

**स्रोतः हुलाक सेवा विभाग।**

हुलाक सेवातर्फको विभिन्न आयोजनाहरु कार्यान्वयन गर्दा वाधा अड्चनको रूपमा देखापरेका समस्याहरुमा दरवन्दी सृजना कार्यमा ढिलाई हुनु, जग्गा प्राप्ति कार्यमा ढिलाई बोलपत्र आव्हान पटक पटक गर्नु परेको, ठेकेदारले काम छोडी जाने गरेको तथा हुलाक भवनको नाम नक्शा गर्ने कार्य समयमा सम्पन्न गर्न नसक्नु देखा परेका छन्।

सातौं योजनामा हुलाक सेवाको मुख्य उद्देश्य क्षेत्रीय सन्तुलन कायम हुने गरी बढी से जनतालाई बढी भरपर्दो हुने गरी छिटो छरितो ढङ्गबाट हुलाकबाट प्रदान गरिने सेवाहरू उपलब्ध

गराउनु हुनेछ। वर्तमान सन्दर्भमा हुलाक सेवालाई परम्परा अनुसार गरी आएको चिठ्ठीपत्रको आदान प्रदान, पुलिन्दा आदि सेवाको अतिरिक्त जनजीवनसित सम्बन्धित विभिन्न आर्थिक सेवाहरू क्रमिक रुपमा गाउँ गाउँसम्म पुऱ्याई देशको विकासमा सघाउ पुऱ्याउनु रहेको छ।

## नीतिहरूः

हुलाक सेवा विकास सम्बन्धी उल्लेखित उद्देश्यहरू हाँसिल गर्न निम्न नीतिहरू अपनाइने छन्।

१. हुलाकहरू बाट प्रदान गरिने सेवाहरूमा विश्वासनीयता तथा नियमितता ल्याउन हुलाक सेवाको गुणात्मक वृद्धि गर्न विशेष ध्यान पुऱ्याइनेछ। साथै हुलाक र जनसङ्ख्याबीचको अनुपात दरलाई साँघुरो गर्दै लग्न आवश्यक हुलाक इकाईहरूको सङ्ख्यामा वृद्धि गर्दै लगिनेछ। यस सन्दर्भमा आठौं योजनाको अन्तसम्ममा जिल्लाको प्रत्येक इलाकामा हुलाक सेवा प्रदान गर्न कम्तिमा १ हुलाक इकाई स्थपना गरिनेछ। हुलाकहरूको स्थापना क्षेत्रीय सन्तुलन कायम हुने गरी गरिनेछ।
२. हुलाकहरूबाट प्रदान गरिने सेवाको स्तरमा अभिवृद्धि गर्न हुलाकहरूलाई क्रमिक रूपबाट आधुनिकीकण तथा यान्त्रिकरण गर्दै लग्ने दृष्टिकोण लिइनेछ।
३. वचत बैङ्क सेवा तथा धनादेश सेवा जस्ता आर्थिक सेवाहरूलाई क्रमिक रूपबाट अधिराज्यका ग्रामीण क्षेत्रहरू समेतमा विस्तार गर्दै लग्ने कार्यलाई जारी राखिनेछ। यी सेवाहरूलाई बढी प्रभावकारी बनाउन ठोस कदमहरू चालिनेछ।
४. देशभित्र हुलाक वस्तुहरूको सङ्कलन तथा वितरण कार्यलाई अझ बढी छिटो छरितो बनाउन विशेष ध्यान दिइनेछ। यस को अतिरिक्त आवश्यक ठहरिएका मुलुकहरूसित सिधा डाँक आदान-प्रदान गर्ने नीति कायम राखिनेछ।
५. हुलाक सेवालाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपबाट असर गर्न हुलाक भवन जस्ता भैतिक सुविधाहरू उपलब्ध गर्दै लग्ने दृष्टिकोणलाई कायम राखिनेछ।
६. हुलाक सेवा सामान्य प्रशासन सेवा भन्दा भिन्न स्वरूपको भएकोले यसलाई प्रभावकारी एवं सक्षम बनाउन हालको सेवामा नयाँ सङ्गठनात्मक पक्षमा आवश्यक सुधार गरिनेछ। साथै हुलाक सेवाको लागि आवश्यक निम्न तथा मध्यम स्तरीय जनशक्ति उत्पादन कार्य स्वदेशमा नै गरिनेछ।
७. हुलाक सेवाको विकास र विस्तारमा जनसहभागिताको परिचालन गरिनेछ।

## कार्य नीतिहरूः

माथि उल्लेखित उद्देश्यहरू प्राप्तिका लागि र नीतिहरू लाई बढी प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्ने हेतुले अपनाइने कार्यनीतिहरू यस प्रकार छन्।

१. हुलाक सङ्ख्याको वृद्धिको सम्बन्धमा विभिन्न स्तरको सरकारी हुलाकहरूको साथै अतिरिक्त हुलाक जस्ता अर्ध सरकारी हुलाक इकाईहरुको व्यवस्थापन बढी ध्यान दिइनेछ। साथै हुलाक कार्यहरू भएका तथा भएका हुलाक कार्यालयहरूबाट नभ्याइएका गाउँ ठाउँमा हुलाक टिकट उपलब्ध गराउन कमिशन एजेण्डाहरूको व्यवस्था गरिनेछ।

२. छोटी हुलाकहरूको स्थापना गर्दा साधारणतया अधिराज्यका सबै इलाकाहरुमा कम्तिमा १ वटा छोटी हुलाक स्थापना भैसकेपछि मात्र छोटी हुलाक भैसकेका इलाकाहरूमा थप हुलाकको व्यवस्था आवश्यकतानुसार गरिनेछ। त्यस्तै अतिरिक्त हुलाकहरूको स्थापना गर्दा हुलाक हुँदै नभएका पञ्चायतहरूलाई प्राथमिकता दिइनेछ।

३. देश भित्रका विभिन्न जिल्लाहरूमा न्यूनतम समयावधिमा हुलाक वस्तुहरूको ढुवानी गर्न हवाई सेवा र मोटर साधनहरूको प्रयोग गरिनेछ। अधिराज्यको जुन स्थानमा विमान सेवा उपलब्ध हुन्छ सो स्थानमा हवाई सेवाबाट र जहाँ सडक यातायात सुविधा प्राप्त छ ती स्थानहरूमा मोटरबाट डाँक चलाइनेछ। हवाई र सडक यातायात सुविधा उपलब्ध नभएको ग्रामीण तथा पहाडी स्थानहरूमा हुलाकीहरू हिंड्ने हुलाकहरूको बाटोहरू (डाँक रेखालाई) लघुतम दूरी कायम गर्ने गरी सुधार गरिनेछ।

४. हुलाक सेवालाई प्रभावकारी बनाउन रेखदेखको ठूलो आवश्यकता रहने हुँदा क्षेत्रीय कार्यालयलाई सक्षम पार्ने ठोस कदमहरु चालिनेछ।

५. प्रमुख व्यापारिक नगरहरूमा व्यापारिक समुदायहरूलाई छिटो छरितो तरिकाले हुलाक वस्तुको वितरण गर्न पत्र-मञ्जुषा पोष्ट बक्सहरूलाई वृद्धि गरिने कार्यनीतिलाई जारी राखिनेछ। शहरी क्षेत्रका जनसाधारणलाई पत्र खसाल्नमा सुविधा पुऱ्याउन पत्र-मञ्जुषा र सङ्कलनको व्यवस्थालाई ध्यान दिइनेछ।

६. हुलाक भवनहरूको निर्माणमा सरकारी हुलाकहरू विशेष गरेर जिल्ला हुलाक र छोटी हुलाकहरूलाई आफ्नै भवनमा राख्न प्राथमिकता दिइनेछ। यस कार्यमा जनसहभागिता पनि परिचालन गरिनेछ।

७. अधिराज्यको मुख्य हुलाकको रूपमा रहेको गोश्वारा हुलाक र अन्य महत्वपूर्ण हुलाक कार्यालयहरू यान्त्रिकरण गर्दै लगिनेछ। साथै गोश्वारा हुलाकको सुदृढिकरण कार्य जारी राखी यस लाई अन्तर्राष्ट्रियय स्तरको हुलाकको दाँजोमा राख्न विशेष ध्यान दिइनेछ।

८. फिलाटेलिक इकाईलाई सुदृढिकरण गरी राजस्व वृद्धि हुने र पर्यटन विकासमा सघाउ पुऱ्याउने दृष्टिले देशलाई चिनाउने हुलाक टिकटहरूको प्रवर्द्धन गर्न बढावा दिइनेछ।

### भौतिक लक्ष्यः

सातौं योजनामा उल्लेखित उद्देश्यहरू परिपूर्तिको लागि हुलाकहरूको स्थापनातर्फ छोटी हुलाक १७५ वटा र अतिरिक्त हुलाक ४७४ वटा गरी जम्मा ६४९ वटा स्थापना गर्ने लक्ष्य छ।

छैठौं योजनाको अन्तिम वर्ष ०४१/४२ मा हुलाक सङ्ख्या १८९१ बाट वृद्धि भई सातौं योजनाको अन्तिम वर्ष २०४६/४७ मा हुलाकहरूको कूल सङ्ख्या २,५४० पुग्न जाने देखिन्छ। हुलाकले सरदर ७,४९१ जनतालाई सेवा पुऱ्याइनेछ। साथै हुलाकले ५७,९५ वर्ग किलोमिटरमा बसोबास गरेको जनताको सेवा गर्नेछ।

## हुलाक विकास कार्यक्रमः

सातौं योजनाको उद्देश्य तथा भौतिक लक्ष्यहरूलाई हाँसिल गर्नको लागि यस योजना अवधिमा **(क)** हुलाक स्थापना **(ख)** डाँक परिवहन विस्तार तथा सुधार **(ग)** हुलाक भवन निर्माण तथा विस्तार **(घ)** आर्थिक सेवा र **(ङ)** विविध गरी ५ वटा विभिन्न कार्यक्रमहरू अन्तर्गत विभिन्न आयोजनाहरू सञ्चालन गरिनेछ।

## (क) हुलाक स्थापना कार्यक्रमः

अधिराज्यको बढी से बढी जनतालाई हुलाक सेवा पुऱ्याउन अझै पनि हुलाक कार्यालयहरूको सङ्ख्यामा वृद्धि गर्नु परेको नै छ। हुलाक र जनसङ्ख्या बीचको अनुपात दरलाई दृष्टिगत गर्दा हाल मौजुदा हुलाकको सङ्ख्यात्मक स्थितिमा सुधार ल्याउने कार्य जारी नै राख्नुपर्ने स्पष्ट हुन आउँछ। तसर्थ सरकारी तथा अर्धसरकारी हुलाक कार्यालयहरू खोल्न निम्न आयोजनाहरू सञ्चालन गरिने छन्।

### १. छोटी हुलाकः

पूर्ण सरकारी हुलाकहरूमा जिल्ला हुलाक पछिको हुलाकमा छोटी हुलाक आउँदछ। छोटी हुलाकहरुबाट हुलाक वस्तुहरूको दर्ता तथा डेलिभरी गर्ने सिलसिलामा जिल्ला तथा अतिरिक्त हुलाकसँग डाँक आदान-प्रदान गर्ने तथा हुलाक टिकट खाम, हवाइ पत्र अन्य हुलाक वस्तुहरूको बिक्री वितरण गर्ने कार्य हुन्छ। यसबाट आफ्नो क्षेत्र अन्तर्गतको अतिरिक्त हुलाकहरूलाई टिकटहरू उपलब्ध गर्ने कार्य पनि हुन्छ। आन्तरिक धनादेश सेवा उपलब्ध गर्ने कार्य पनि यसबाट हुन सक्छ। यस प्रकारको हुलाक जिल्लाको ९ इलाकाको आधारमा र डाँक ढुवानी र बढी कार्यबोझ भएका स्थानहरूमा स्थापना गर्दै जाने नीति रहेको छ। साधाणरतया अतिरिक्त हुलाकहरूलाई नै छोटी हुलाकमा स्तरोन्ती गरिनेछ।

छैठौं योजनाको अन्तिम वर्ष २०४१/४२ सम्ममा अधिराज्यभर ३९७ वटा छोटी हुलाकहरू स्थापना भैसक्ने अनुमान छ। सातौं योजनामा थप १७५ वटा छोटी हुलाकहरू स्थापना गर्ने लक्ष्य रहेको छ। यस बाट सातौं योजनाको अन्तिम वर्ष २०४६/४७ मा छोटी हुलाकहरूको सङ्ख्या ५७२ वटा पुग्नेछ। विकास क्षेत्र अनुसार थप स्थापना गर्ने १७५ वटा हुलाक पूर्वाञ्चलमा र सुदूर पश्चिमाञ्चलमा ३५ वटा, पश्चिमाञ्चलमा ३५ वटा, मध्य पश्चिमाञ्चलमा ४५ वटा र सुदूर पश्चिमाञ्चलमा २५ वटा स्थापना गरिनेछ।

### २. अतिरिक्त हुलाकः

हुलाकहरूको स्तरमा सबभन्दा तल्लो इकाईका रूपमा रहेको अतिरिक्त हुलाक एक अर्धसरकारी रूपमा सञ्चालन गर्दै आइरहेको छ। यस हुलाकमा १ एजेण्ट र १ डेलिभरि एजेण्टको साथै आवश्यकता अनुसार क्यारिङ्ग एजेण्ट पनि रहने हुन्छ। यस हुलाकबाट साधारणतया १ माइल वरिपरिको क्षेत्रमा बसोबास गरेका ६ हजार जति जनसङ्ख्यालाई हुलाक वस्तुहरू वितरण तथा डाँक आदान-प्रदान गर्ने काम हुने गर्दछ। साथै यस प्रकारका हुलाकहरूबाट हुलाक टिकट, खाम हवाईपत्र आदि र धनादेश र वीमाको सूचना बाँड्ने रजिष्टरी दर्ता गर्ने जस्ता कार्यहरू पनि हुने गर्छ। जनसहभागिताका आधारमा सञ्चालित यो हुलाकबाट साधारणतया दिनको २/३ घण्टा कार्यालय खोली हुलाक वस्तुहरू वितरण गर्ने काम हुन्छ।

सातौं योजनामा अतिरिक्त हुलाकहरूको सङ्ख्यामा थप ४७४ वटा वृद्धि गर्ने लक्ष्य रहेको छ। यस किसिमको वृद्धिबाट आ.व. २०४६/४७ मा देशभर १८९३ वटा अतिरिक्त हुलाक पुग्न जाने देखिन्छ। स्थापित गरिने थप ४७४ वटा अतिरिक्त हुलाक मध्ये पूर्वाञ्चलमा ९४ वटा, मध्यमाञ्चलमा ९५ वटा, पश्चिमाञ्चलमा १०० वटा, मध्य पश्मिाञ्चलमा ११० वटा र सुदूर पश्चिमाञ्चलमा ७५ वटा स्थापना गरिनेछ।

## (ख) डाँक परिवहन विस्तार तथा सुधारः

हुलाक वस्तुहरूको आदान-प्रदान छिटो छरितो गर्न डाँक रेखाको रूपमा रहेको डाँक ढुवानी मार्गहरूमा सुधार तथा विस्तार गर्नुको अतिरिक्त डाँक ढुवानी साधनहरूको व्यवस्था पनि हुनु आवश्यक छ। डाँक परिवहन साधनहरूका विकासले हुलाक सेवाको गुणस्तरलाई पनि निकै नै प्रभाव पारेको हुन्छ। यस कार्यक्रम अन्तर्गत (१) डाँक रेखा विस्तार र (२) डाँक परिवहन साधन व्यवस्था रहेका छन्।

### १. डांक रेखा विस्तारः

हुलाक वस्तुहरूको ढुवानीमा हुलाकीहरूको प्रयोग गर्ने मार्गहरु डाँक रेखाको रूपमा लिने गरेको छ। हुलाक वस्तुहरू तथा चिठ्ठी पत्रहरु आदान-प्रदानको लागि छोटो र सोझो मार्गहरु अति आवश्यक छ। कारण यस किसिमको सोझो मार्गहरू कायम गर्न सकिएका अन्तर गाउँ, अन्तरगत जिल्ला र अन्तर अञ्चल बीच छोटो एवं सोझो हुलाकी मार्गहरू द्वारा डाँक आदान प्रदान गराई डाँक सेवामा छिटो छरितोपन ल्याईनेछ।

देशका विभिन्न भागहरूमा खास गरी पहाडी तथा हिमाली प्रदेशहरूमा आ.व. २०३६/३७ मा ६२ डाँक रेखाहरू रहेको देखिन्छ। छैठों योजनाको पहिलो ४ वर्षको अवधिमा कायम भएको देखिन्छ। सातौं योजनामा थप ३० वटा डाँक रेखाहरूको स्थापना

तथा विस्तार गर्ने लक्ष्य रहेको छ। प्रत्येक विकास क्षेत्रमा ६ डाँक रेखाहरू स्थापना गरिने कार्यक्रम छ।

२. **डाँक परिवहन व्यवस्थाः**

डाँक ढुवानी र वितरण कार्यमा शिघ्रता ल्याउन हवाई सेवा उपलब्ध भएका स्थानहरूमा विमानद्वारा र मोटर चल्ने स्थानहरूमा मोटरबाट डाँक पठाउने व्यवस्था गरिँदै आएको छ। नगर वा गाउँ पञ्चायत भित्रको इलाकाहरूमा ग्राहकलाई चिठ्ठीपत्र आदि वितरण गर्ने कार्यमा संलग्न हुने हल्काराहरूलाई साईकल प्रयोग गराउँदै आएको छ। यसको अतिरिक्त चिठ्ठी पत्रको सङ्कलन र वितरणमा शिघ्रता ल्याउन तथा रेख देख गर्न हुलाकहरूमा साइकलको साथ साथै डाँक गाडी र स्कुटर भ्यान, साइकल जस्ता सवारीका साधनहरू उपलब्ध गराइनेछ।

## (ग) हुलाक भवन निर्माण निर्माण तथा विस्तारः

नेपाल अधिराज्यको अधिकांश हुलाकहरुको आफ्नो भवनहरू रहेका छैनन्। करिब ८० प्रतिशत जति हुलाक कार्यालयहरू भाडाका घरहरूमा बसी दैनिक कार्य सञ्चालन गरीरहेका छन्। भाडाका भवनहरू हुलाकलाई सुहाउँदो नहुँदा अनेकन असुविधाहरू सामना गर्नुपर्ने भएकोले विगत योजनाहरू देखि पूर्ण सरकारी हुलाकहरूलाई क्रमिक रूपबाट आफ्नो भवनमा राख्ने नीति लिएको हो। यसबाट हुलाक भवनहरूको सुविधामा सुधारहरू आइरहेको देखिन्छ। हाल निर्माण गर्न गरेका हुलाक भवनहरूमा काउण्टर, सर्टिङ्ग हल, भण्डार, अफिस कोठाहको व्यवस्था रहेको छ। सातौं योजनामा पनि निर्माण गरिने हुलाक भवनहरू यसै अनुरूप हुनेछन्। यस सम्बन्धमा निम्न आयोजनाहरू सञ्चालन गरिनेछ।

१. **नयाँ हुलाक भवन निर्माणः**

सातौं योजनामा छोटी हुलाकलाई आफ्नो भवनमा राख्न लगाउने हेतुले थप १२ वटा हुलाक भवनहरूको निर्माण कार्य पूरा गर्ने लक्ष्य रहेको छ। पूर्वाञ्चलमा २ वटा, मध्यमाञ्चलमा ३ वटा, पश्चिमाञ्चलमा २ वटा, मध्य पश्चिमाञ्चलमा ३ वटा र सुदूर पश्चिमाञ्चलमा २ वटा निर्माण गरिनेछ।

२. **चालू हुलाक भवन निर्माणः**

छैठौं योजनामा निर्माण प्रारम्भ गरिएका तर सम्पन्न नभएका हुलाक भवनहरू यस अन्तर्गत पर्दछ। यस सिलसिलामा सातौं योजनामा १२ वटा अधुरा हुलाक भवनहरूलाई सम्पन्न गर्ने लक्ष्य रहेको छ। पूर्वाञ्चलमा १ वटा, मध्यमाञ्चलमा २ वटा, पश्चिमाञ्चलमा ३ वटा, मध्य पश्चिमाञ्चलमा २ वटा र सुदूर पश्चिमाञ्चलमा ४ वटा भवनको बाँकी निर्माण कार्य पूरा गरिनेछ।

३. **हुलाक भवन विस्तारः**

हुलाकहरूमा बढ्दो आएको सेवा र कार्यबोझ तथा कर्मचारी सङ्ख्यालाई दृष्टिगत गरी हुलाक भवनहरूलाई विस्तार गर्ने कार्य विगत योजनाकालदेखि हुँदै आएको छ। यो कार्य सातौं योजनामा पनि चालू रहनेछ। यस योजना अवधिमा अधिराज्यको विभिन्न जिल्ला १० वटा हुलाक भवनहरूमा तल्ला, कोठा आदि थप्ने कार्य पूरा गरिने लक्ष्य छ। प्रत्येक विकास क्षेत्रमा रहेका २ वटा हुलाक भवनहरूको विस्तार गर्ने कार्यक्रम रहेको छ।

### ४. अनुदान हुलाक भवन निर्माणः

हुलाक भवनहरूका निर्माण सङ्ख्या अत्याधिक मात्रामा गर्नुपर्ने तथ्यलाई दृष्टिगत गर्दै छैठौं योजनाले हुलाक भवनहरूको निर्माण कार्यमा जनसहभागिता परिचालन गर्ने नीति अपनाई ५० वटा हुलाक भवनहरूको सरकारी स्तरबाट केही अनुदान प्रदान गरी जनस्तरबाट नै निर्माण गर्ने गराउने लक्ष्य रहेको थियो। योजनाको चौथो वर्षसम्ममा ३५ वटाको निर्माण कार्य सम्पन्न भैसकेको र योजनाको अन्तिम वर्ष २०४१/४२ सम्ममा कूल ६५ वटा निर्माण हुने देखिन्छ। यसरी अनुदान उपलब्ध गरी जनसहभागिताको आधारमा यस क्षेत्रतर्फ हाँसिल गरेको उपलब्धि उत्साहवर्द्धक नै पाइएकोले सातौं योजनामा पनि हुलाक भवन आवश्यकताको परिपूर्तिमा सघाउ पुऱ्याउन अनुदान हुलाक भवन निर्माण आयोजना समावेश गरिएको छ। पूर्वाञ्चलमा १० वटा, मध्यमाञ्चलमा १२ वटा, पश्चिमाञ्चलमा १० वटा, मध्य पश्चिमाञ्चलमा ९ वटा र सुदूर पश्चिमाञ्चलमा ९ वटा रहेका छन्।

## घ. आर्थिक सेवा

हुलाक सेवालाई चिठ्ठीपत्रको आदान-प्रदान जस्ता हुलाक वस्तुहरूको ढुवानी तथा वितरण कार्यमा मात्र सीमित नराखी देश विकासलाई प्रत्यक्ष सघाउ पुग्ने खालका धनादेश तथा वचत बैङ्क जस्ता आर्थिक सेवाहरू प्रदान गराउँदै आएको छ। यी आर्थिक सेवाहरू विशेष गरेर जिल्लाको सदरमुकाम र व्यापारिक केन्द्रहरू मा बढी सीमित रहेको छ। यी सेवाहरू क्रमिक रुपबाट ग्रामीण स्तर सम्म पुऱ्याउने दृष्टिकोण राखेको छ। हाल यी सेवाहरू जिल्ला हुलाक र केही छोटी हुलाकहरूबाट मात्र उपलब्ध गर्ने गरेको छ। तसर्थ सातौं योजनाले आर्थिक सेवा अन्तर्गत (१) धनादेश सेवा (२) वचत कोष सेवा आयोजनाहरू समावेश गरेको छ ।

### १. धनादेश सेवाः

हाम्रो जस्तो बैकिङ्ग सुविधा सीमित क्षेत्रमा उपलब्ध भएको तथा निम्न तथा मध्यम वर्गीय जनताहरु बढि सङ्ख्यामा भएको मुलुकमा धनादेश सेवाले बढी महत्व राख्दछ। तसर्थ हुलाकको माध्यमद्वारा साना तिना रकम एक जिल्लाबाट अर्को जिल्लामा पठाउन सर्वसाधाण जनतालाई सुविधा होस् भन्ने उद्देश्यले यस सेवाको सञ्चालन पाचौं योजनाकालदेखि थालनी गरिएको हो। यस सेवाबाट एक हजार रकमसम्म नेपाल र भारत

बीच तथा देशका विभिन्न जिल्लाहरुबीच आदान-प्रदान हुन सक्ने व्यवस्था भैसकेको छ। पाचौं योजनाकालमा विभिन्न ६३ वटा जिल्ला हुलाकबाट यो सेवा प्रदान गरिएकोमा छैठौं योजनाको चौथो वर्षसम्ममा थप पचहत्तर जिल्लाहरूमा यो सेवा उपलब्ध छ तर सीमित हुलाकहरू बाट मात्र सेवा उपलब्ध कार्य भैरहेको छ।

हाम्रो छिमेकी मुलुक भारतसित धनादेश सेवा सञ्चालन भएको परिप्रेक्ष्यमा विचार गर्दा आन्तरिक धनादेश सेवालाई सकेसम्म बढी स्थानमा विस्तार गर्नुपर्ने भएको छ। तर देशको भौगोलिक स्थिति, सीमित साधन दक्ष जनशक्तिको कमी आदिलाई विचार गर्दा ग्रामीण क्षेत्रमा यो सेवा पाउन अझै समय लाग्नु स्वभाविक देखिन्छ।

प्रारम्भिक चरणमा रहेको यो सेवा अहिलेको सन्दर्भमा जिल्ला सदरमुकाममा नै बढी केन्द्रित रहेको भएतापनि अन्ततोगत्वा यस सेवालाई बैङ्किङ्ग सुविधा प्राप्त नभएका गाउँ घरमा पुऱ्याउने उद्देश्य रहेको छ।

सातौं योजनामा धनादेश सेवा थप १५० वटा पूर्ण सरकारी हुलाकहरूबाट प्रदान गर्ने लक्ष्य रहेको छ। पूर्वाञ्चलमा ३० वटा, मध्यमाञ्चलमा ३० वटा, पश्चिमाञ्चलमा ३५ वटा, मध्य पश्चिमाञ्चलमा ४० वटा र सुदूर पश्चिमाञ्चलमा १५ वटा हुलाकहरू बाट यो सेवा उपलब्ध गराइने छ।

### २. हुलाक वचत कोष सेवाः

हुलाकबाट प्रदान गर्ने गरेको सेवा अल्प तथा निम्न आय स्तरका व्यक्तिहरूमा बचतको बानी बसाल्न महत्वपूर्ण रहेको छ। हुलाक वचत बैङ्क सेवा सानातिना रकम जम्मा गर्न चाहने सर्वसाधारण जनताको लागि ज्यादै उपयोगी सेवा मान्न सकिन्छ। यो सेवा अन्तर्गत न्यूनतम रू.५/- बाट खाता खोल्न दिइनेछ र बढीमा रू.३०,०००/- सम्मको रकम यसमा जम्मा गर्न सकिनेछ। यसरी जम्मा हुन आएको रकममा दिइने ब्याजदर अरु बैङ्कहरूले दिए सरह नै दिने व्यवस्था रहेको छ। पाचौं योजनामा थालनी गरेको यो सेवा क्रमिक रूपबाट अधिराज्यका विभिन्न जिल्लाहरूमा विस्तार गर्दै ल्याइएको छ। यसैलाई मध्यनजर राखी सातौं योजनामा पनि बचत बैङ्क सेवा विस्तार कार्यलाई जारी नै राखिनेछ।

सातौं योजनामा थप ५० वटा हुलाकहरूमा बचत कोष सेवा उपलब्ध गर्ने लक्ष्य छ। पूर्वाञ्चलमा १० वटा, मध्यमाञ्चलमा १२ वटा, पश्चिमाञ्चलमा १० वटा, मध्य पश्चिमाञ्चलमा १० वटा र सुदूर पश्चिमाञ्चलमा ८ वटा थप हुलाकहरूबाट यो सेवा पुऱ्याइनेछ।

## (ङ) विविधः

हुलाक सेवा विकासको लागि कतिपय अन्य कार्यहरू पनि गर्नुपर्ने हुन्छ। हुलाकमा काम गर्ने कर्मचारीहरुको कार्य क्षमताको वृद्धि गर्न तालिमहरूको सेवाको स्तरमा वृद्धि गर्न आधुनिक

यन्त्रहरूको प्रयोग, डाँक सङ्कलन तथा वितरण प्रणालीमा सुधार आदि कामहरू पनि महत्वपूर्ण हुन आउँदछ। तसर्थ विविध शीर्ष अन्तर्गत सातौं योजनामा सञ्चालन गर्न (१) हुलाक प्रशिक्षण व्यवस्था (२) हुलाक सुदृढिकरण (३) सर्टिङ्ग केन्द्र स्थापना (४) गुरु योजना तर्जुमा

### १. हुलाक प्रशिक्षण व्यवस्थाः

हुलाक सेवामा कार्यरत कर्मचारीहरुको कार्यक्षमताको वृद्धि गर्ने हेतुले हुलाक प्रशिक्षण व्यवस्था आयोजनाको सञ्चालन गर्दै आएको हो। हुलाक सेवाको गुणात्मक पक्षको विकास वास्तवमा यस किसिमको प्रशिक्षण कार्यमा पनि निर्भर रहेको हुन्छ। हुलाक सेवाको निम्न मध्यम स्तरीय जनशक्ति उत्पादनको लागि उपयुक्त पाठ्यक्रमहरु तर्जुमा गरी प्रशिक्षण दिने कार्य हुलाक प्रशिक्षण केन्द्रबाट गर्ने गरेको छ। यस केन्द्रबाट अधिकृत स्तरलाई समेत हुलाक सम्बन्धी विभिन्न विषयहरूको बारेमा प्रशिक्षण दिने उद्देश्य रहेको छ। सातौं योजना अवधिमा यस केन्द्रबाट कूल ७५० जवान कर्मचारीहरूलाई प्रशिक्षण दिने लक्ष्य रखिएको छ।

### २. हुलाक सुदृढिकरणः

नेपालमा हुलाक सेवाको विकास सङ्ख्यात्मक हिसाबबाट पनि वृद्धि हुँदै आइरहेको तथ्य हुलाक कार्यालयहरूको तथ्यबाट स्पष्ट हुनेछ। स्थापित अधिकांश हुलाकहरूमा भौतिक सुविधामा कमी हुँदै आएको वस्तुस्थितिलाई मध्यनजर राख्दा सुदृढिकरण आयोजना सञ्चालन गर्नुपर्ने आवश्यकता देखिएको हो। हुलाक सेवा सुचारू रुपले सञ्चालनको लागि पुँजीगत र नखप्ने मालसामानहरुको निरन्तर रूपमा आवश्यक पर्दछ। तसर्थ सातौं योजनाले चालू भैरहेको हुलाकको लागि जरुरी हुलाक सम्बन्धी पुँजीगत सामान र लाहा, सुतली, छाप टाँचा थैला आदि नखप्ने मालसामानहरू पूर्ति गर्नेको साथै केन्द्रीय टिकट भण्डार, जिन्सी खाता केन्द्रीय धनादेश कार्यालय जस्ता विभिन्न कार्यालयहरूको स्तर वृद्धिको लागि संगठनात्मक सुधार कार्यहरू पनि गर्ने लक्ष्य रहेको छ। साथै अधिराज्यको मुख्य हुलाकको रूपमा रहेको गोश्वारा हुलाक कार्यालयको कार्य सञ्चालनमा यान्त्रीकरण प्रविधिको आधारमा सुदृढिकरण कार्य प्रारम्भ गर्ने लक्ष्य छ।

### ३. सर्टिङ्ग केन्द्र स्थापनाः

डाँकहरूको आदान-प्रदानको लागि उचित स्थानमा सर्टिङ्ग गर्ने व्यवस्था भएको क्रम लागत र समयमा हुलाक वस्तुहरूको वितरण गर्नमा सघाउ पुग्न जाने हुन्छ। चितवन जिल्ला सतह डाँकको लागि केन्द्र विन्दु परेको उक्त जिल्लामा एउटा सर्टिङ्ग केन्द्र स्थापना कार्य सातौं योजनामा पूरा गरिनेछ।

### ४. अध्ययन तथा गुरु योजना तर्जुमाः

हुलाक सेवाको गुणात्मक सुधार एवं यसको सुनियोजित विकासको लागि अध्ययन कार्य सातौं योजनामा पनि जारी नै रहेको छ। यस को अतिरिक्त हुलाक सेवा विकासको लगि एक गुरु योजना तर्जुमा गर्ने लक्ष्य पनि रहेको छ।

## वित्तीय लगानीः

हुलाक सेवा अन्तर्गत विभिन्न कार्यक्रमहरूमा हुने लगानीको विवरण तलको तलिकाहरू मा प्रस्तुत गरिएको छ।

### तालिका नं. ६

### सातौं योजनामा हुलाक सेवा विकासको लागि हुने लगानी

| कार्यक्रम | रकम रु. ००० मा |
|---|---|
| १. हुलाक स्थापना | ८२,८३ |
| २. डाँक परिवहन विकास तथा सुधार | २८,७१ |
| ३. हुलाक भवन निर्माण तथा विस्तार | ९१,०० |
| ४. आर्थिक सेवा | २८,७० |
| ५. विविध | ८९,७६ |
| कुलः | ३,२१,०० |

### तालिका नं. ७

### हुलाक सेवा विकास सम्बन्धी सातौं योजनाको कार्यक्रम २०४२ – ४७

| आयोजनाको नाम | जिल्ला | स्थिति | भौतिक लक्ष्य | खर्च रु. ००० मा |
|---|---|---|---|---|
| हुलाक स्थापना | | नयाँ | ६४९ | ८२८३ |
| १. छोटी हुलाक | विभिन्न | १७५ | | |
| २. अतिरिक्त हुलाक | विभिन्न | ४७४ | | |
| डाँक परिवहन विकास तथा सुधार | | नयाँ | | २८७१ |
| १. डाँक रेखा विस्तार | विभिन्न | | ३० | |
| २. डाँक परिवहन व्यवस्था | विभिन्न | विभिन्न ढुवानी साधनहरु | | |
| हुलाक भवन निर्माण तथा विस्तार | | नयाँ | ८४ | ९१०० |
| १. नयाँ हुलाक भवन | विभिन्न | | १२ | |
| २. चालू भवन | वभिन्न | | १२ | |

| | | | | |
|---|---|---|---|---|
| ३. हुलाक भवन विस्तार | विभिन्न | १० | | |
| ४. अनुदान भवन | विभिन्न | ५० | | |
| आर्थिक सेवा | नयाँ | | | २८७० |
| १. धनादेश सेवा | नयाँ | १५० | | |
| २. बचत कोष सेवा | नयाँ | ५० | | |
| विविध | नयाँ | | | ८९७६ |
| १. हुलाक सुदृढिकरण | | | | |
| २. हुलाक प्रशिक्षण केन्द्र | | ७५० | | |
| ३. सर्टङ्ग केन्द्र स्थापना | | १ स्थापना | | |
| ४. अध्ययन तथा गुरुयोजना तर्जुमा | | पूरा | | |
| कूलः | | | | ३,२१,०० |